# लेखापरीक्षण प्रतिवेदन

# रोहिणी गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# रोहिणी गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/619

श्री अध्यक्ष ज्यू,
रोहिणी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/619

मिति : २०८३-१-२९

श्री अध्यक्षज्यू,
रोहिणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रुपन्देही।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

**२.१** महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

**२.२** गाउँपालिकाको रु.१ अर्ब ३५ करोड १० लाख २७ हजार लेखापरीक्षण गरिएकोमा रु.४ करोड ५१ लाख ९६ हजार (१.१ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.२ करोड १८ लाख ३ हजार प्रतिकृयाबाट सम्परीक्षण भएकोमा बाँकि बेरुजु असुल गर्नुपर्ने रु.४ लाख १ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७ लाख ५७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१२ लाख ३५ हजार र पेश्की बाँकि रु.१६ लाख २६ हजार रहेको छ। गत वर्षसम्मको रु.२५ करोड ५५ लाख ५२ हजार बेरुजु मध्ये यस वर्ष रु.१४ लाख ५० हजारको सम्परीक्षण भई बाँकि बेरुजु रु.२५ करोड ४१ लाख २ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.२७ करोड ८१ लाख २१ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

**२.३** गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७,

सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रोहिणी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**३. अन्य बेहोरा**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, गाउँ प्रमुख र प्रमुख प्रशासकीय अधिकृत रोहिणी गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | १२६ | ४,५१,९६,८१७ | ० | ६१ | २,१८,०३,३६२ | ६,२५,६६८ | ५४ | ६५ | २,४०,१९,१२३ | ४,०१,४७४ | २,०७,५७,३४१ | १२,३४,६४० | ० | ० | २,१९,९१,९८१ | १६,२५,६६८ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | गत वर्ष सम्मको सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | २५,५५,५२,००० | ० | १४,५०,००० | २५,४१,०२,००० | ० | २,४०,१९,१२३ | २७,८१,२१,१२३ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| **प्रतिक्रियाबाट सम्परीक्षण** | | | | |
| १ | २०८१/८२ | ३६ | भरपाई पेश नभएको | ९९,९८२ |
| २ | २०८१/८२ | ४९ | प्रशिक्षक भत्ताः | ७१,४०० |
| ३ | २०८१/८२ | ४८ | प्रध्यानध्यापक बैठक भत्ता : | २९,३२५ |
| ४ | २०८१/८२ | ६२ | पेश्की बाँकी | १,९९,९३,८१४ |
| ५ | २०८१/८२ | ४६ | आधारभुत अस्पताल : पालिकाको आधारभुत अस्पताल निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसाररहेका छनः | १४,७०,१८१ |
| ६ | २०८१/८२ | ५० | अनुगमन सम्वन्धमा : | १,३८,६६० |
| **जम्मा** | | | | **२,१८,०३,३६२** |
| **गत वर्ष सम्मको सम्परीक्षण** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८०/८१ | १८ | पेश्की बाँकी | १४,५०,००० |
| **कुल जम्मा** | | | | **२,३२,५३,३६२** |

# रोहिणी गाउँपालिका, रुपन्देही

# ( ८०५४८५०७३०० )

# रोहिणी गाउँपालिका , रुपन्देही

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** रोहिणी गाउँपालिका रुपन्देही जिल्लाको पूर्वी दक्षिण भागमा अवस्थित छ । साबिकका ६ गाउँ बिकास समितिहरु (धकधई, बगाहा, पजरकट्टी, पोखरभिण्डी, छिपागढ र बोदबार) लाई मिलाएर बनाईएको यस गाउँपालिका पूर्वीपश्चिम हुलाकि सडक अन्तर्गत भैरहवा धकधई खण्डको उत्तरदक्षिण, ८३.५४९७४२ पूर्वी देशान्तर र २७.५१२१३० उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समून्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ । कुल क्षेत्रफल ६४.६२ बर्ग किलोमिटर रहेको यस गाउँपालिको पूर्वमा नवलपरासी जिल्लाको सिमाना पश्चिममा सिद्धार्थनगर नगरपालिका उत्तरमा ओमसतिया गाउँपालिका र दक्षिणमा छिमेकि राष्ट्र भारत अवस्थित छन् । ७५२६ घरपरिवार बसोबास गर्ने यस गाउँपालिको कुल जनसंख्या ४३,३२७ रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्ने उद्देश्य सहित यस पालिका स्थापना भएको हो।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।९।१४ देखि २०८२।१०।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** यस वर्ष पालिकाको आय व्यय तर्फ रु १३५१०२७५०५८८ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन् ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५९५। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | वढी भुक्तानी | ५९५ |

२ **एकीकृत आर्थिक विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

| सि.नं. | प्राप्ति | | | सि.नं. | भुक्तानी | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मारकम | | विवरण | रकम | |
| १ | **सुरु मौज्दात** | | **५७८९२८४१.७५** | १ | **चालु खर्च** | | **३** |
| | (क) संचित कोष | ३७९२११३८.४३ | | | (क) पालिका तर्फ | १६११२६९५४.१० | |
| | (ख) धरौटी | १०७७०९३७.७७ | | | (ख) संघीय सशर्त | १६६७८०५२०.९० | |
| | (ग) कार्यसञ्चालन कोष | ९२००७६५.५५ | | | (ग) संघीय विशेष | ५७६८३७२.०० | |
| | (घ) अन्य कोष | ०.०० | | २ | **पुँजीगत खर्च** | | **१५** |
| २ | **यस वर्षको आय** | | **१५३३४१८३.५८** | | (क) पालिका तर्फ | १०५५४६४०१.०० | |
| | **(क) आन्तरिक आय** | १५३३४१८३.५८ | | | (ख) संघीय सशर्त | ३९५९९९४१.०० | |
| ३ | **वित्तीय हस्तान्तरण (संघ)** | | **४५५३२२१७९.२४** | | (ग) संघीय विशेष | ४०७०२९०.०० | |
| | (क) समानीकरण अनुदान | ११२०३८९६०.०० | | | (घ) संघीय समपुरक | ४९८५२७५.०० | |
| | (ख) राजस्व बाँडफाँट | ९१३२८४५७.२४ | | | (ङ) प्रदेश सशर्त | २७५४९९.०० | |
| | (ग) सशर्त अनुदान | २४२११६१००.०० | | ३ | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **१** |
| | (घ) समपुरक अनुदान | ४०७०२९०.०० | | | (क) सामाजिक सुरक्षा | १४४६६९७२२.९५ | |
| | (ङ) विशेष अनुदान | ५७६८३७२.०० | | | (ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११७००००.०० | |
| | (च) रोयल्टी | | | | (ग) घरेलु तथा साना उद्योग प्रवर्धन कार्यक्रम | | |
| | (छ) अन्य | | | ४ | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | |
| ४ | **वित्तीय हस्तान्तरण (प्रदेश)** | | २७८६१२०२.९१ | ५ | **ऋण फिर्ता(साँवा)** | | |
| | (क) समानीकरण अनुदान | ८४११०००.०० | | ६ | **ऋणको ब्याज भुक्तानी** | | |
| | (ख) | ६६३२५०७.२१ | | ७ | **धरौटी फिर्ता** | १७८८०९४.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | राजस्व बाँडफाँट | | | | **तथा सदर स्याहा** | | |
| | (ग) सशर्त अनुदान | ५१६४२९३.७० | | **८** | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | ५८५४२६३.०० | |
| | (घ) समपुरक अनुदान | ६७१७९०३.०० | | **९** | **अन्य कोषबाट भएको खर्च** | | |
| | (ङ) विशेष अनुदान | ९३५४९९.०० | | **१०** | **गैरसरकारी संस्थाबाट सञ्चालित योजना** | | |
| | (च) रोयल्टी | ०.०० | | **११** | **अन्य सहयोगमा सञ्चालित योजना** | | |
| | (छ) अन्य | ०.०० | | **१२** | **अन्य खर्च भएमा** | | |
| **५** | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **१४५८३९७२२.९५** | **१३** | **अनुदान फिर्ता(संघ)** | | ३ |
| | क) सामाजिक सुरक्षा | १४४६६९७२२.९५ | | | क) सशर्त अनुदान | ३५७३५६३८.१० | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ११७००००.०० | | | ख) विशेष अनुदान | | |
| | ग) घरेलु तथा साना उद्योग प्रवर्धन कार्यक्रम | ०.०० | | | ग) समपुरक अनुदान | | |
| **६** | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | **१४** | **अनुदान फिर्ता(प्रदेश)** | | |
| **७** | **ऋण/ वित्तीय व्यवस्था** | | | | (क) सशर्त अनुदान | १७९०१८.७० | |
| **८** | **धरौटी आय** | ४१७३०८४.०० | **४१७३०८४.००** | | (ख) विशेष अनुदान | ६६००००.०० | |
| **९** | **कार्यसञ्चालन कोष आय** | ७१४१५३१.८३ | **७१४१५३१.८३** | | (ग) समपुरक अनुदान | १३०२१०९.०० | |
| **१०** | **अन्य कोषको आय** | ०.०० | | | | | |
| **११** | **गैरसरकारी संस्थाबाट** | ०.०० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **सञ्चालित योजना** | | | | | | |
| **१२** | **अन्य सहयोगमा प्राप्त सञ्चालित योजना** | ०.०० | | **१५** | **अन्तिम मौज्दात** | | ४ |
| **१३** | **अन्य आय भएमा** | ०.०० | | | (क) संचित कोषको मौज्दात | २६०९८१०७.९८ | |
| **१४** | **राजस्व बाडफाड स्थानीय** | १५६८८०९७.६२ | **१५६८८०९७.६२** | | (ख) धरौटी | १३१५५९२७.७७ | |
| **१५** | **विभाज्य कोष** | १५४०८०.०० | **१५४०८०.००** | | (ग) कार्यसञ्चालनकोष | १०४८८०३४.३८ | |
| **१६** | **अन्य आय** | १३२५.०० | **१३२५.००** | | (घ) विभाज्य कोष | १५४०८०.०० | |
| **जम्मा** | | **७२९४०८२४८.८८** | **७२९४०८२४८.८८** | **जम्मा** | | **७२९४०८२४८.८८** | **७** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरण परीक्षण एवं विश्लेषण:**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले पछिल्लो पटक संशोधन सहितको मिति २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ:

३.२ **वित्तीय विवरणको यथार्थता:** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहले वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेश गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.१४४६६९७२२.९५, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.११७००००.००, गरी रू.१४५८३९७२२.९५ एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत विवरणमा(म.ले.प.फा.नं २७०) सबै कारोबारहरु नसमेटिदा उक्त वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणाली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ। म.ले.प.फा.नं २७०-१ अनुसूचीमा संलग्न रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.३ **फरक हिसावः** पालिकाले सुत्र प्रणालीबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रू.१३२५, यस वर्षको प्राप्तिमा

रू.१९५१८६५१०,यस वर्षको भुक्तानी रू.१९१०८३३४७ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी(म.ले.प.फा.नं. २७०) पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यस वर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ५७८९४१६६.७५ | ४७६३२८८९७.५५ | ४८८१५३२५३.०० | ४९८९६१५०.१३ |
| एकीकृतआर्थिक विवरणअनुसार | ५७८९२८४१.७५ | ६७१५१५४०७.१३ | ६७९२३६५९९.७५ | ४९८९६१५०.१३ |
| **फरक** | **१३२५** | **१९५१८६५१०** | **१९१०८३३४७** | **०** |

३.४ **बैक हिसाब मिलानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण निम्नानुसार रहेको छ:

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८२ असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८२ असार मसान्तको बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | २६०९८१०७.९८ | २५०४३८६३.१६ | १०५४२४४.८२ |
| २ | चालु खाता | ०.०० | ०.०० | ०.०० |
| ३ | पुँजीगत खाता | ०.०० | ०.०० | ०.०० |
| ४ | मर्मत खाता | ०.०० | ०.०० | ०.०० |
| ५ | कल्याण कोष तथा विविध कोष खाता | ०.०० | ०.०० | ०.०० |
| ६ | प्रकोप व्यवस्थापन कोष खाता | १९७८६६३.०७ | १९७८६६३.०७ | ०.०० |
| ७ | विविध खर्च खाता | ८५०९३७१.३१ | ८६८०७३४.३१ | १७१३६३.०० |
| ८ | नगर सरसफाई कोष खाता | ०.०० | ०.०० | ०.०० |
| ९ | धरौटी खाता | १३१५५९२७.७७ | १४१०६८४४.८६ | ९५०९१७.०९ |
| **जम्मा** | | ४९७४२०७०.१३ | ४९८१०१०५.४० | २१७६५२४.९१ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार २०८२ असार मसान्तको श्रेस्ता अनुसार रू.४९७४२०७०.१३ र बैक स्टेटमेन्ट अनुसार रू.४९८१०१०५.४० देखएकोले फरक परेको रू.२१७६५२४.९१ के कारणबाट फरक परेको हो एकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिलकाले आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरेको भएतापनि प्रभावकारी रुपमा कार्यान्वयन गरेको पाइएन । यस सम्बन्धमा देखिएका केही बेहोराहरू देहाय बमोजिम रहेका छन्:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) बमोजिम सार्वजनिक खरिद नियमावली निर्माण गरेको पाइएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गरेको पाइएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद गुरू योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १० बमोजिम स्थानीय तहले एकीकृत वित्तीय प्रतिवेदन तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास लक्ष्य (२०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरू तोकी मूल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• इन्धन PAMS मा अध्यावधिक गरेको पाइएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख सङ्कलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन। अभिलेख समेत राखेको पाइएन,

• लुम्बिनी प्रदेश, स्थानीय निजामती सेवा ऐन, २०८१ बमोजिम कर्मचारीको कार्य विवरण बनाई लागु गरेको पाइएन,

• दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता नराखेको तथा प्रतिवेदन दिने गरेको पाइएन,

• शीर्षक फरक पारी खर्च लेख्ने गरेको पाइयो,

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार भएको अवस्थामा सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाई सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ।

## ५ आन्तरिक लेखापरीक्षण सम्बन्धमा:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको बिचार गरी प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। पालिकामा आन्तरिक लेखापरीक्षण शाखा अन्तर्गत कर्मचारी कार्यरत भए पनि यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई सोको प्रतिवेदन अन्तिम लेखापरीक्षणको क्रममा पेश गर्नुपर्नेमा उक्त प्रतिवेदन पेश भएको पाइएन। यसरी आन्तरिक लेखापरीक्षक आफ्नो कार्यविवरणको मूल जिम्मेवारीको कार्य गरेको पाइएन भने कार्यालय प्रमुखले आन्तरिक लेखापरीक्षण कर्मचारी हुँदा पनि आन्तरिक लेखापरीक्षण गराएको पाइएन। अत: आन्तरिक लेखापरीक्षकको पदपूर्ति रहेको अवस्थामा कानून बमोजिम तोकिएको समयभित्रै आन्तरिक लेखापरीक्षण गर्नु/गराउनु पर्दछ।

६ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै यसरी तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्नु/गराउनु पर्दछ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गर्नु/गराउनु पर्दछ।

८ **बजेट पेश, पारित र अख्तियारी :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र समयमै पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहमा उप-प्रमुखले मिति २०८१। ४।१६ गते रू.३,२९,३६,९६,०००.०० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।४।१६ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।६।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेकोले अख्तियारी प्रदान गर्न ढिला भएको देखिन्छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ।

९ **बजेट विनियोजन/खर्च:**

यस वर्ष पालिकाको कुल बजेट मध्ये चालु र पुँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ :

| रू.हजारमा | | | | | |
|---|---|---|---|---|---|
| विनियोजन | | | खर्च | | |
| कुल बजेट | चालु बजेट | पुँजीगत बजेट | कूल खर्च | चालु खर्च | पुँजीगत खर्च |
| ५८८३७० | ४०२८०२ | १८५५६८ | ४८८१५३ | ३३३६७६ | १५४४७७ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रू.५८ करोड ८३ लाख ७० हजार बजेट विनियोजित भएको मध्ये चालु खर्च रू.३३ करोड ३६ लाख ७६ हजार र पुँजीगत खर्च रू.१५ करोड ४४ लाख ७७ हजार गरी कुल खर्च रू.४८ करोड ८१ लाख ५३ हजार अर्थात कुल खर्चमा चालु ६८.३५ प्रतिशत र पुँजीगत ३१.६५ प्रतिशत खर्च गरेको छ। पूँजिगत तर्फ विनियोजन दक्षता र खर्च सक्षमता वृद्धि गर्नेतर्फ पालिकाको प्रयास हुनुपर्ने देखिन्छ।

१० **खर्च विश्लेषण :**

पालिकामा यस वर्ष कूल आन्तरिक आय वापत रू.१,५३,३४,१८३।५८ राजश्व वाँडफाँडबाट रू.११,३६,४९,०६२.१ र अन्य आय तर्फ रू.३८,५२,२३,७४२.७ समेत रू.५१,४२,०६,९८८.३८ आम्दानी भएकोमा चालु तर्फ रू.३३ करोड ३६ लाख ७६ हजार र पुँजीगत तर्फ रू.१५ करोड ४४ लाख ७७ हजार गरी कूल रू.४८ करोड ८१ लाख ५३ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक स्रोतको अंश ३.१४ प्रतिशत रहेको छ। यस वर्ष पदाधिकारी नियमित सुविधा, पदाधिकारी बैठक भत्तामा कुल रू.१ करोड १० लाख ५१ हजार ८२५ रूपैया खर्च भएको छ, जुन आन्तरिक आयको ७२.०७ प्रतिशत(पदाधिकारी सुविधामा) खर्च भएको छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

११ **क्षेत्रगत बजेट र खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समन्यायिक र दिगो विकासको क्षेत्रगत सन्तुलित रुपमा बजेट विनियोजन एवं खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाको क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ :

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत<br>जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २९५६२००० | १८४५९२८२ | ३.७८ |
| २ | पूर्वाधार विकास | ११००१८००० | ८५६५१२६१ | १७.५४ |
| ३ | सामाजिक विकास | २८७९८४०७० | २४७१३८६७२ | ५०.६३ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६२२५९३० | १३७६४६७९ | २.८२ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १४४५८०००० | १२३१३९३५८ | २५.२३ |
| **जम्मा** | | **५८८३७००००** | **४८८१५३२५३** | **१००** |

उपर्युक्त विवरण अनुसार पालिकाको सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.६२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी अर्थात २.८१ प्रतिशत खर्च गरेको छ भने वातावरण र विकास क्षेत्रमा बजेट

विनियोजन नै गरिएको छैन। पालिकाले प्राथमिकताका सबै क्षेत्रमा सन्तुलित र समन्यायिक बजेट विनियोजन तथा खर्च व्यवस्थापन गर्नुपर्दछ।

१२ **त्रैमासिक पुँजीगत खर्च:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम त्रैमासिक प्रगती विवरण बनाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ :

**(रू.हजारमा)**

| सि.नं. | पुँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च | | | | असार महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथमत्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | सङ्घीय पुँजीगत | ४३६७० | ० | ११९८० | १८१२० | १३५७० | ६९५४ |
| २ | प्रदेश पुँजीगत | ५२६१ | ० | २९० | ३१५४ | १८१७ | १८१७ |
| ३ | गाउँपालिका पुँजीगत | १०५५४६ | १०२७४ | १७५९२ | १२९२६ | ६४७५४ | ५२२७० |
| **कूल खर्च** | | **१५४४७७** | **१०२७४** | **२९८६२** | **३४२००** | **८०१४१** | **६१०४१** |
| **खर्च प्रतिशत** | | | **६.६५** | **१९.३३** | **२२.१४** | **५१.८८** | **३९.५१** |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फ मात्र वार्षिक रू.१५ करोड ४४ लाख ७७ हजार निकासा/खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रू.१ करोड २ लाख ७४ हजार(६.६५ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.२ करोड ९८ लाख ६२ हजार(१९.३३ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.३ करोड ४२ लाख(२२.१४ प्रतिशत) र चौथो त्रैमासिकमा रू.८ करोड १ लाख ४१ हजार(५१.८८ प्रतिशत) खर्च गरेको देखिएको छ। यसै गरी असार महिनामा मात्र रू.६ करोड १० लाख ४१ हजार(३९.५१ प्रतिशत) खर्च भएको देखिनुले असारमा आएर खर्चको चाप बढेको देखिन्छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक खर्च सन्तुलित नहुनुले विनियोजन दक्षता तथा खर्च गर्ने सक्षमता कमजोर रहेको पुष्टी गर्दछ। विनियोजित बजेटको स्वीकृत कार्यक्रम अनुसार सन्तुलित रूपमा कार्यान्वयन गरिनु पर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलन हुने गरी कार्य गरिनु पर्दछ।

१३ **अनुदान फिर्ता :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा सङ्घीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धी विवरण देहाय अनुसार छ :

| (रू.हजारमा) | | | | |
|---|---|---|---|---|
| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता रकम** |
| सङ्घीय सरकार | शसर्त अनुदान | २४२११६ | २०६३८१ | ३५७३५ |
| | विषेश अनुदान | ५७६८ | ५७६८ | ० |
| | समपुरक अनुदान | ४०७० | ४०७० | ० |
| **जम्मा** | | **२५१९५३** | **२१६२२१** | **३५७३२** |
| प्रदेश सरकार | शसर्त अनुदान | ५१६४ | ४९८५ | १७९ |
| | विषेश अनुदान | ९३५ | २७५ | ६६० |
| | समपुरक अनुदान | ६७१७ | ५४१५ | १३०२ |
| **जम्मा** | | **१२८१६** | **१०६७५** | **२१४१** |
| **कुल जम्मा** | | **२६४७६९** | **२२६८९६** | **३७८७३** |

उपर्युक्त विवरण अनुसार सङ्घीय सरकारबाट रू.२५ करोड १९ लाख ५३ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.२१ करोड ६२ लाख २१ हजार बजेट खर्च भई बाँकी रू.३ करोड ५७ लाख ३२ हजार मिति २०८१।३।२६ मा सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको देखिन्छ। त्यस्तै प्रदेश सरकारबाट रू.१ करोड २८ लाख १६ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रू.१ करोड ६ लाख ७५ हजार खर्च भई बाँकी रकम रू.२१ लाख ४१ हजार मिति २०८१।३।३० र २०८१।३।३२ मा प्रदेश सञ्चित कोषमा फिर्ता भएको देखिन्छ।

१४ **वार्षिक खरिद योजना/गुरू योजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरू योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरू योजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राही समुदाय समेतबाट १५ करोड ४४ लाख ७७ हजार पुँजीगत खर्च/खरिद वा निर्माण कार्य गर्दा खरिद गुरू योजना बनाएको पाइएन।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालन मा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

१६ **आवधिक योजना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्धकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्धकालिन विषयलाई भन्दा सालबसाली विषयलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासको लागि आवधिक योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१७ **योजना छनौट र कार्यान्वयन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कार्यान्वयन गरेका योजनाहरू को विवरण देहाए बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | योजनासंख्या | विनियोजन | खर्च रकम |
|---|---|---|---|---|
| १ | रू.१ लाखभन्दा कमको योजना | ५८ | ५२७८००० | ४०००५३३ |
| २ | रू.१ लाखदेखि रू.३ लाखसम्मका योजना | ८२ | १४६५९९३० | १२५७५९७७ |
| ३ | रू.३ लाखदेखि माथि रू.५ लाखसम्मका योजना | ५१ | १७६७५००० | १५१९५१२४ |
| ४ | रू.५ लाखदेखि माथि रू.१० लाखसम्मका योजना | ३७ | २२४७५००० | २०१०३००८ |
| ५ | रू.१० लाखदेखि माथि रू.२० लाखसम्मका योजना | ८ | ९३८०००० | ६६०९६१३ |
| ६ | रू.२० लाखभन्दा माथिका योजना | १६ | ११६१००००० | ९५९९३१५१ |
| **जम्मा** | | **२५२** | **१८५५६७९३०** | **१५४४७७४०६** |

उपर्युक्त विवरणअनुसार पालिकाले रू.१ लाख भन्दा कमका योजना ५८, रू.१ लाख देखि ३ लाखसम्मका ८२, रू.३ लाख देखि ५ लाखसम्मका ५१, रू.५ लाख देखि १० लाखसम्मका ३७, रू.१० लाख देखि २० लाखसम्मका ८ र रू.२० लाख भन्दा माथिका १६ गरी कुल जम्मा २५२ योजनामा बजेट विनियोजन गरेको देखिन्छ। यसरी साना र वितरणमुखी योजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै चालु प्रकृतिका खर्चमा बृद्धि हुन जाने हुनाले पालिकाले योजना बनाउदा बजेट तथा कार्यक्रमको प्राथमिकताको आधारमा योजना छनौट गरी पालिकाको बृहत्तर एवं योजनाबद्ध विकासमा योगदान पुग्ने, गरिबी निवारणमा प्रत्यक्ष योगदान रहने, जनताको जीवनस्तर र रोजगारी बढाउने, दिगो विकास, वातावरण संरक्षण, सामाजिक समावेशीकरणमा अभिवृद्धि हुने योजना छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नु गराउनु पर्दछ।

१८ **पुँजीगत खर्चको विस्तृत विवरण:**

यस पालिकाकोको यस वर्षको पुँजीगत खर्चको विवरण देहाय अनुसार रहेको छ :

| क्र.सं. | उपशीर्षकको नाम | खर्च शीर्षक नम्बर | खरिद विधि | संख्या | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | पूँजीगत | विभिन्न | खुला बोलपत्र | १२ | ९८९५५१२७ |
| २ | | | सिलबन्दी दरभाउपत्र | १ | ४५११२९ |
| ३ | | | सोझै | १२ | ६४८५३०१.४७ |
| ४ | | | अमानत | ३६ | ५४४४५०२.८९ |
| ५ | | | उपभोक्ता समिति वा लाभग्राही समुदाय | १९१ | ३५७०२६२०.८५ |
| ६ | | | गैर सरकारी संस्था | ० | ० |
| ७ | | | कन्टीन्जेन्सी | | ७४३८७२५.७५ |
| जम्मा | | | | २५२ | 154477406 |

पालिकाले उपलब्ध गराएको उपरोक्त विवरण अनुसार खुला बोलपत्रको मध्यमबाट १२ वटामा योजनामा रू.९ करोड ८९ लाख ५५ हजार १२७ रुपैया, सिलबन्दी दरभाउ पत्रबाट १ वटामा रु.४ लाख ५१ हजार १२९ रुपैया, सोझै खरिदको माध्यमबाट १२ वटामा रु.६४ लाख ८५ हजार ३०१, अमानतबाट ३६ योजनामा ५४ लाख ४४ हजार ५०२ रूपैया, उपभोक्ता समितिबाट १९१ योजनामा रु.३ करोड ५७ लाख २ हजार ६२० र कन्टिन्जेन्सी खर्च रू.७४ लाख ३८ हजार ७२५ रूपैयागरी कुल रु.१५ करोड ४४ लाख ७७ हजार ४०६ रुपैयाँको खरिद गरेको छ।

### १९ ठेक्का अभिलेख :

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन भने ठेक्का प्रक्रियाबाट कार्य गराइएकोमा ठेक्का बील पेश गरेको देखिन्छ। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

### २० ठेक्का बन्दोवस्त :

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ:

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | **रू.हजारमा** |
| **कार्यक्रम/ शीर्षक** | **खरिद सम्झौता** | | | | | | | | **यस बर्ष सम्पन्न योजना** | |
| | **कुल जम्मा योजना** | | **प्रथम चौमासिक** | | **दोस्रो चौमासिक** | | **तेस्रो चौमासिक** | | | |
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| **बोलपत्रबाट** | १८ | १६५७५० | ० | ० | १५ | १६२०५५ | ३ | ३६९५ | १२ | ९८९५५ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले कुल १८ योजनाको लागि रू.१६ करोड ५७ लाख ५० हजार लागतको ठेक्का बन्दोवस्त गरेको प्रथम चौमासिकमा कुनै ठेक्का व्यवस्थापन नभएको, दोश्रो चौमासिकमा रू.१६ करोड २० लाख ५५ हजारको ठेक्का

व्यवस्थापन भएको र तेस्रो चौमासिकमा रू.३६ लाख ९५ हजारको ठेक्का व्यवस्थापन भएको देखिन्छ। ठेक्का व्यवस्थापन मार्फत १८ वटा योजनाहरू रू.१६ करोड ५७ लाख ५० हजारको सम्झौता भएकोमा रू.९ करोड ८९ लाख ५५ हजार खर्च भएको, आर्थिक वर्षको अन्त्यसम्ममा १२ वटा योजनामात्र सम्पन्न भई ६ बाँकी देखिन्छ। बाँकी योजना समयमा नै सम्पन्न गर्ने गरी कार्य गरिनु पर्दछ।

२१ **ठेक्का प्रतिस्पर्धा:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छन। यस्ता योजना लागत अनुमान भन्दा ४.४६ देखि ३६.५० प्रतिशतसम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको छ। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो। यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा कार्य गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ :

| क्र.सं. | योजनाको नाम | प्रतिस्पर्धी गर्ने संख्या | लागत अनुमान | कबोल रकम | घटी प्रतिशत | ठेक्का परेको बोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| १ | Construction of Administrative Office Building of Rohini Rural Municipality | १५ | १३९५६६८०४ | ९११४३८२८ | ३४.७० | Maa Gayatri Nirman Sewa |
| २ | Construction of 15 Bed Primary Hospital at Rohini Rural Municipality | ८ | १८०५९१२६२ | १२८५९९११९ | २८.७९ | Aakriti-Everest-Gangotri Devi JV |
| ३ | Construction of Piparahawa Health Post Ward No. 5 | ६ | ३३७९९०५१ | २१८६४८९२ | ३५.३१ | Aarambha-Dibya JV |
| ४ | Construction of Incomplete School Building at Rohini-5 and 6 | ४ | ४६९७७६८ | ३३९१८३७ | २७.८० | Royal S K Constructions |
| ५ | Construction of Rohini Ward No. 1 Office Building | १० | १०२२५३१० | ७१५८८६७ | २९.९९ | Lucky & Shiv Constructions |
| ६ | Rohini-3 Kotahimai Mandir Dekhi Rohini-2 Pokharbhindi Jane Sadak Kalopatre | १ | २३७९९५२५ | १८३६४१२३ | २२.८४ | AI-HDC JV, Siyari-2, Rupandehi |
| ७ | Majnu Chowkma Nali Nirman ra Bisunpura Sita Pal Ko Ghar Dekhi Jalil Miya Ko Ghar Samma PCC Dhalan | ६ | १९९९५१२ | १३२२०८९ | ३३.८८ | AK Construction, Omsatiya-6, Rupandehi |
| ८ | Construction of Classroom Block of Shree Ram Naresh Yadav Aadarsh Model Secondary School | १४ | ८७९६३२५ | ५७६३५८० | ३४.४८ | Ozarka Builders, sankhamul-31, ktm |
| ९ | Construction of Interlocking paver works in Shree Ram Naresh Yadav Aadarsh Model Secondary School | ६ | १९९९८७१ | १२६९८६८ | ३६.५० | Prativa and Pramod Construction and Suppliers P L, Tokha-9, Ktm |
| १० | Bagaha Swasthya Choukima Compound Wall tatha Hanumangadhiya dekhi Rohini khola Samma PCC Dhalan Sadak Nirman | ७ | ४९९९५२६ | ३३०३००६ | ३३.९३ | Rohini Nirman Sewa, Rohini-1 |
| ११ | Bagaha Ma Vi ma Char Kothe Bhawan | ३ | १०२६६३६५ | ७१३०००९ | ३०.५५ | Rohini Nirman Sewa, Rohini-1 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Tatha Sauchalaya Nirman | | | | | |
| १२ | Shree Ramjanaki Mandir Dharmshala Nirman | ५ | २४९९३५५ | १८२६३६६ | २६.९३ | BDR Construction, Rohini-7, Rupandehi |
| १३ | Pokharbhindi Ma Vi Ko Adhuro Bhawan Nirman, Construction of Interlocking Pavers in Pokharbhindi School and Saraswati Adharbhut Bidyalaya Mathi Talla Nirman | २ | ३०४७२७५ | २१७०५९२ | २८.७७ | BDR Construction, Rohini-7, Rupandehi |
| १४ | Construction of Proposed Toilet, Boundary wall, Existing Boundary wall and Interlocking Pavers Work in Shree Ram Naresh Adarsha Namuna Ma Vi | ३ | २३९९७१६ | १७८९८२२ | २५.४२ | Baishanavi Nirman Seva, Rohini-1, Rupandehi |
| १५ | Barwa Bhansaar Dekhi Majnu Chowk Samma Sadak Nirman. | १ | ३५७३५९६ | ३२५४१७७ | ८.९४ | Rohini Nirman Sewa, Rohini-1 |
| १६ | Bairihawa Kharbind Tole Sadak Maramat and Tharka Bahadur Rayamajhi Hall Jane Sadak Maramat | १ | १६२४९६७ | १४१३९७५ | १२.९८ | Baishanavi Nirman Seva, Rohini-1, Rupandehi |

यसरी लागत अनुमानको तुलनामा ८.९४ देखि ३६.५६ प्रतिशतसम्म घटी कबोल गर्दा कामको गुणस्तर र दिगोपनामा समेत ध्यान दिनुपर्दछ।

२२ **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फस्यौंट/कारवाही भएका विवाद | फस्यौंट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| १३ | १०७ | १२० | १०९ | ११ |

उपरोक्त विवरण अनुसार गत वर्षबाट सरेका १३ विवाद, यस वर्ष दर्ता भएका १०७ वटा विवाद गरी १२० जम्मा विवाद मध्ये १०९ विवाद उपर फस्यौंट/कारवाही भई ११ विवाद बाँकी रहेकोले ऐनले तोके अनुसारको समयमा नै फछ्र्यौट गर्नुपर्दछ।

२३ **कानुन निर्माण :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरू ले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी

कार्यान्वयनमा ल्याएको छ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | नीति | १ |
| २. | ऐन | २८ |
| ३. | नियमावली | ५ |
| ४. | कार्यविधि तथा निर्देशिका | २९ |
| **जम्मा** | | **६३** |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका १ नीति, २८ ऐन, ५ नियमावली र २९ कार्यविधि निर्देशिका गरी जम्मा ६३ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ। सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधि पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

२४ **सेवा प्रवाहको स्थिति : यस पालिकाबाट वितरण भएका सेवा निम्न बमोजिम रहेका छन् :**

| विवरण | सेवा संख्या |
|---|---|
| जन्म दर्ता | ८३३ |
| मृत्यु दर्ता | ३०२ |
| बसाईसराई दर्ता | ३४ |
| विवाह दर्ता | ३६६ |
| सम्बन्ध विच्छेद दर्ता | ८ |
| **जम्मा** | **१५४३** |

पालिकाले यस वर्ष जन्मदर्ता ८३३, मृत्यु दर्ता ३०२, सम्बन्ध बिच्छेद दर्ता ८, बसाईसराई ३४ गरी १५४३ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भुमिहिन दलित २३, भुमिहिन सुकुम्बासि १००, अव्यवस्थित बसोबासी १५१ गरी २७४ को लगत सङ्कलन गरेको छ। अत: पालिकाले प्राप्त गरेको यस निवेदनहरुको सम्बन्धमा आवश्यक ऐन, कानून नीति कार्यविधि अन्तर्गत रही कार्य सम्पादन गरिनुपर्दछ।

२५ **सहकारी नियमन सम्बन्धमा:**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरू को सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र २१ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ। साथै पालिकामा संस्थागत रूपमा सहकारी शाखाको व्यवस्था भएता पनि पालिकाले तोकिए बमोजिम विवरण एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा

दाखिला नगरेको र सहकारी संस्थाहरूको नियमित सघन अनुगमन गरेको छैन। सहकारी सदस्यहरूको हित र बचत रकमको सुरक्षा तथा लगानीमा हुन सक्ने दुरूपयेग रोक्न प्रचलित कानूनी व्यवस्था अनुरूप त्यस्ता संस्थाहरूको नियमित अनुगमन गरिनुपर्दछ।

२६ **नक्सा दर्ता र पास:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | विगत वर्षको बाँकि | नक्सा दर्ता संख्या | नक्सापास संख्या | बाँकि |
|---|---|---|---|---|---|
| १ | २०८१/८२ | २ | ४१ | ३२ | ९ |

उपरोक्त विवरण अनुसार गत वर्षको २ बाँकि र यस वर्ष नयाँ दर्ता ४१ समेतबाट कुल ४३ नक्सा दर्ता पेश भएकोम यस वर्ष ३२ वटा नक्सापास गरी हालसम्म ९ नक्सा पास गर्न बाँकि छ।

२७ **कृषि पशु अनुदान :**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम सङ्घका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधी तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस आ.व. २०८१/०८२ पालिकामा लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुपन्छी बिकास तर्फ यस वर्ष पालिकावाट ७४३ जना तथा ३५ कृषक संघ/सस्थालाई रु. ३२९४०००/- तथा दुग्ध उत्पादनमा वृद्धि गर्न किसानहरुलाइ पाडी वितरण कार्यक्रमबाट १५३ जना कृषकहरुलाई रू.३१८९१५० गरी कुल रू.६४८३१५० अनुदान वितरण गरेको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनीकरण गर्नु/गराउनु पर्दछ।

| क्र.सं. | अनुदानको किसिम | व्यक्ती संख्या | रकम |
|---|---|---|---|
| १ | उत्पादनमा आधारित अनुदानकार्यक्रम | ४६ (२ संस्था मार्फत) | २४४००० |
| २ | मागमा आधारित नविनतम प्रबिधि प्रोत्साहन अनुदान कार्यक्रम | २९ (१३ कृषक/ संस्था) | ६४८००० |
| ३ | मोतिगंजमकै पकेट क्षेत्रमासहभागी कृषकहरुलाइ क्षमताअभिवृद्धितथा सामाग्री सहित बालि संरक्षणसेवा कार्यक्रम | ४१ (१ संस्था मार्फत) | ७००००० |
| ४ | ५०% अनुदानमा उन्नत गहु बिउ बितरण कार्यक्रम | ४४६ (१३ संस्था मार्फत) | १०४६००० |
| ५ | कृषि योग्य भुमि व्यवस्थापन प्रोत्साहन अनुदान | १८१ (६ संस्था मार्फत) | ६५६००० |
| **जम्मा** | | **७४३ (३५ कृषक/ संस्था)** | **३२९४०००** |
| ६ | दुग्ध उत्पादनमा वृदी गर्न किसानहरुलाइ पाडी वितरण कार्यक्रम | १५६ | ३१८९१५० |
| **जम्मा** | | | **६४८३१५०** |

२८ **दरवन्दी र पदपूर्ति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ राजस्व क्षमता खर्चको आधार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखि कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । पालिका अन्तर्गत स्वीकृत कर्मचारी दरबन्दी, पदपूर्ती सम्बन्धी विवरण देहाय अनुसार छन्:

| क्र.सं. | पद | तह | सेवा | समूह | स्वीकृत दरबन्दि | पदपूर्ति | | पदपूर्ति हुन बाकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | स्थायी | करार | | |
| १ | प्रमुख प्रशासकीय अधिकृत | रा.प.द्धितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | | | |
| २ | इन्जिनियर | सातौं. | स्थानीय इन्जिनियरिङ्ग | सिभिल | १ | १ | | | |
| ३ | अधिकृत | सातौ | स्थानीय शिक्षा सेवा | शिक्षाप्रशासनरपरिक्षण तथा मूल्याङ्कन | १ | १ | | | |
| ४ | अधिकृत | सातौ | स्थानीय प्रशासन सेवा | सामान्य प्रशासन | १ | १ | | | |
| ५ | अधिकृत | सातौ | स्थानीय प्रशासन सेवा | लेखा समूह | १ | १ | | | |
| ६ | अधिकृत | सातौ | स्थानीय स्वास्थ्य सेवा | | १ | १ | | | |
| ७ | आन्तरिक लेखापरीक्षक | छैठौ | स्थानीय प्रशासन सेवा | आन्तरिक लेखा परीक्षण | १ | १ | | | |
| ८ | कम्प्युटर अधिकृत | सातौ | स्थानीय सूचना प्रविधि सेवा | सूचना प्रविधि | १ | | १ | | |
| ९ | सहायक | छैठौ | स्थानीय प्रशासन सेवा | सामान्य प्रशासन | १ | १ | | | |
| १० | सहायक | छैठौ | स्थानीय इन्जिनियरिङ्ग | सिभिल | १ | | १ | | पालिका |
| ११ | कम्प्यूटर अपरेटर | पाचौ/चौथो | | | १ | ० | १ | | |
| १२ | लेखा सहायक | चौथो/पाचौ | स्थानीय प्रशासन सेवा | लेखा समूह | १ | १ | | | |
| १३ | प्रा स | छैठौ | स्थानीय | शिक्षा प्रशासनर | १ | १ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | शिक्षा सेवा | परिक्षण तथा मूल्याङ्कन | | | | | |
| १४ | सि.अ.न.मी. | | | | १ | १ | | | |
| १५ | सव इन्जिनियर | पाचौ | स्थानीय इन्जिनियरिङ्ग | सिभिल | ३ | २ | | १ | |
| १६ | सहायक | चौथो/पाचौ | स्थानीय प्रशासन सेवा | सामान्य प्रशासन | ११ | ८ | | ३ | |
| १७ | अ सव इन्जिनियर | चौथो | स्थानीय इन्जिनियरिङ्ग सेवा | सिभिल | ६ | २ | १ | ३ | |
| १८ | महिला विकास निरीक्षक/ सहायक महिला विकास निरीक्षक | पाचौ/चौथो | स्थानीय प्रशासन सेवा | सामान्य प्रशासन | १ | १ | | | |
| १९ | अमिन | चौथो | इन्जि | सर्भे | १ | | १ | | पालिका |
| २० | सहायक कम्प्युटर अपरेटर | चौथो | | | ७ | | ७ | | |
| २१ | ह.चा.स. | | | | २ | | २ | | |
| २२ | खा पा स टे | | | | १ | | | १ | |
| २३ | कार्यालय सहयोगी | | | | १४ | ५ | ९ | | ९जना पालिका |
| गाउँकार्यपालिकाको कार्यालय र वडा तर्फ जम्माः | | | | | ६१ | ३० | २३ | ८ | २१ पालिका |
| भेटनरी तर्फजम्मा | | | | | ५ | १ | १ | ३ | |
| कृषि तर्फ जम्मा | | | | | ४ | २ | | २ | |
| स्वास्थ्य तर्फ जम्मा | | | | | ४९ | ३८ | ८ | ३ | |
| आयुर्वेद तर्फ जम्मा | | | | | १ | ० | ० | १ | |
| **कुल जम्मा** | | | | | **१८०** | **१००** | **५५** | **२५** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १८० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १०० जना पदपूर्ति भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सव-इन्जिनियर, सहायक कर्मचारी सहित २५ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको व्यवस्थापन गरिनुपर्दछ।

२९ **तलबी प्रतिवेदन पारित बेगर तलब भत्ता भुक्तानी :**

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७० को उपदफा ४ मा तोकिएको कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ। तर पालिकाले यस वर्ष पालिका र स्वास्थ्य तर्फका १०० जना स्थायी कर्मचारीलाई रू.२०७५२४१९.२६ तलब भुक्तानी गरेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नुपर्दछ।

३० **दरवन्दी बाहिरको करार :**

लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा १६(१) मा स्थानीय सेवाको पदमा यस ऐनमा व्यवस्था भएदेखि बाहेक अन्य तरिकाबाट पदपूर्ति गरिने छैन भन्ने व्यवस्था छ। त्यसैगरी सोही दफाको उपदफा (२)मा उपदफा (१) विपरीत गरिएको नियुक्ति स्वतः बदर हुनेछ र त्यसरी नियुक्त भएको व्यक्तिले पाएको तलब, भत्ता र अन्य सुविधा नियुक्ति गर्ने अधिकारीबाट असुल उपर गरिनेछ भन्ने व्यवस्था गरिएको छ। तर पालिकाले विभिन्न पदमा करार कर्मचारी राखी रु.५ करोड ६८ लाख ११ हजार खर्च लेखेको छ। त्यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ दफा ८३ को उफदफा ८ मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्वर, इलेकट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धित पदमा स्थायी पदपुर्ति नगरी करार सेवाबाट लिन सकिने व्यवस्था छ। पालिकाले माथि उल्लेखित पद वाहेक अन्य विभिन्न पदमा खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना इन्जिनियर, असिष्टेण्ट सव इ, अ.न.मी., ल्याब असिस्टेन्ट समेत १३ जना करार कर्मचारीको बिगत बर्षदेखि म्याद थप गरी यस बर्ष खर्च लेखेको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६५,५७,८२६ |

३१ **कल्याण कोष :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। साथै, नेपाल सरकार सचिव स्तरको २०८०।९।१७ को निर्णय अनुसार अनिवार्य रुपमा यस्तो कोषको स्थापना गर्ने र कानुन वमोजिम पाउने उपदान, निवृत्तिभरण, औषधिउपचार लगायतका सम्पूर्ण सुविधा यसै कोषवाट खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकामा स्थानीय सेवाका कर्मचारीहरु कार्यरत भएका र उक्त कर्मचारीहरुको लागि यस वर्ष तलव भत्ता खर्च लेखे पनि दश प्रतिशतले हुन आउने कट्टा गरी सोही बमोजिम पालिकाले समेत अवकाश कोषमा रकम जम्मा गर्नुपर्नेमा गरेको छैन। स्थानीय सेवा सम्वन्धी कानुन हालसम्म नबनेकोमा पालिकाले उक्त कोषको सञ्चालन सम्बन्धी कुनै ऐन कानुनको व्यवस्था गरेको देखिएन। यसरी कानूनको व्यवस्था नगरी पालिकाको समानीकरण अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरी रु.१५ लाख ४९ हजार ४६७ रुपैया खर्च गरेको छ। अवकाश हुदाँ पाउने रकम योगदानमा आधारित बनाउने तर्फ कानुनी ब्यवस्था गरी कार्यान्वियन गर्नुपर्दछ।

३२ **प्रोत्साहन भत्ता :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानुन बमोजिम हुने व्यवस्था छ। साथै लुम्बिनी प्रदेशको स्थानीय निजामती सेवा

ऐन, २०८१ को दफा ७० को उपदफा ८ मा कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि स्थानीय तहले आफ्नो आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ भन्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष प्रोत्साहन भत्तामा रु. १२,३५,०७१.०० तथा कर्मचारी फिल्ड भत्ता वापत रू. ७५६०००.०० गरी कुल रू.१९९१०७१ भुक्तानी गरेको छ। जुन पालिकाको यस वर्षको आन्तरिक आय रु.१५३३४१८३.५८ को तुलनामा १२.९९ प्रतिशत हुन आउँछ। कर्मचारीलाई प्रोत्साहन भत्ता दिदा पालिकाको आन्तरिक आय तथा कार्यबोझ समेत विचार गरी खर्च लेख्नुपर्दछ।

३३ **गाउँपालिका अध्यक्ष बालिका बिमा योजना: यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:**

**(क)** वि. सं. २०७९ श्रावण १ गते वा सो भन्दापछि स्वास्थ्य संस्थामा जन्मिएका रोहिणी गाउँपालिकाका वालिकालाई कार्यक्रम अन्तर्गत रोहिणी गाउँपालिकाले निज वालिकाको आमा वा बुवाको नाममा विमा गरिने हुदा उमेर अनुसारको प्रिमियम रकम २,००००/ (अक्षरुपी बीस हजार मात्र) को सेरोफेरोमा रही रकम गाउँपालिकाले एकमुष्ट रुपमा उपलब्ध गराउनेछ।

**(ख)** गाउँपालिका अध्यक्ष वालिका संरक्षण अभियान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० जारी गरी कार्यविधिको परिच्छेद ३ को सि.नं. ४ मा वि. सं. २०७९ श्रावण १ गते वा सो भन्दापछि स्वास्थ्य संस्थामा जन्मिएका बालिकालाई एकमुष्ट अध्यक्ष बालिका बिमा योजना अन्तर्गत उमेर अनुसारको प्रिमियम रकम रु.२०,००० गाउँपालिकाले एकमुष्ट रुपमा उपलब्ध गराउने गरी यस वर्ष सो योजना अन्तर्गत रु.१४८३९१३ खर्च गरेको छ।

**(ग)** बिमा निर्देशिकाको सि.नं. ५ मा बिमाको रकम भुक्तानी सम्बन्धी व्यवस्थामा बालिकाको उमेर २० वर्ष नपुगेमा वा बीस वर्ष अवधि नपुग्दै विवाह गरेमा उक्त बिमा योजना बाट प्राप्त हुने व्याज तथा साँवा उपलब्ध नहुने गरी २० वर्ष दीर्घकालीन योजना संचालन गर्दा सोको निरन्तरताको कुनै ग्यारेन्टी नभएको देखिन्छ।

**(घ)** बिमा प्रदायक संस्थासँग यस आ.व.को लागि प्रभु महालक्ष्मी लाइफ इन्सुरेन्स लिमिटेडसँग मिति २०८०/८/१३ मा सम्झौता गरी सम्झौताको सि.नं. ५ मा प्रिमियम शुल्क भन्दा अन्य कुनै किसिमको रकम दावी गर्न पाइने छैन भनि सम्झौता गरेको छ। २० वर्ष पछि विमितले पाउने रकम कति हो वा व्याज कति प्राप्त हुने हो सम्झौतामा सो कुरा उल्लेख नगरी सम्झौता गरेको छ।

(ङ) निज संस्थालाई यस वर्ष ७५ जना बालिका बिमा वापत रु.१४८३९१३/- प्रिमियम भुक्तानी गरेको छ।

३४ **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर पालिकामा वडाबाट योजना माग गरि त्यसका आधारमा कार्यक्रम सञ्चालन गरेको पाइयो। यस आ.व.मा पालिका अन्तर्गतका ७ वटा वडामा १५ वटा कार्यक्रम सञ्चालन भई रू.३१,११,५४४ खर्च भएको ३ जना कर्मचारीहरुको तलब, चाडपर्व र पोशाक खर्च बापत रु.१४,७०,९३७/- गरी कुल रु.४५,८२,४८१ खर्च भएको छ।

| वडा नं | कार्यक्रम/योजना संचालन | रोजगार संलग्न संख्या | रोजगार दिन संख्या | दर | कुलखर्च रकम |
|---|---|---|---|---|---|
| १ | श्री बगहा मा वि मा रंगरोगन गर्ने काम रोहिणी १ बगहा | १२ | ८५ | ६६८ | ५६७८० |
| | साविक धकधई ५ ६ र ७ मा रहेको कुलो र नाला मर्मत | १६ | २३९ | ६६८ | १५९६५२ |
| ३ | श्री जनचेतना आ वि मा पेन्ट लगाउने काम | ७ | १७९ | ६६८ | ११९५७२ |
| ४ | गणेश यादवको खेत देखि पतंजली फेकटरी सम्म कुलो मर्मत | १३ | २०८ | ६६८ | १३८९४४ |
| | बिर्नी गाउँ देखि कोरेल औषधि कम्पनी सम्म कुलो मर्मत | ५ | ५८ | ६६८ | ३८७४४ |
| ५ | बरवाँ बेलहवा पोखरी मर्मत | २२ | ३१३ | ६६८ | २०९०८४ |
| | पिपरहवा मा वि मा पेन्ट लगाउने काम | १० | २४५ | ६६८ | १६३६६० |
| | पिपरहवा पूर्व टोलमा पोखरी मर्मत | २७ | ५४३ | ६६८ | ३६२७२४ |
| ६ | पकडीहवा उत्तर टोल कुलो मर्मत | ६ | ४३ | ६६८ | २८७२४ |
| | बोदवार बोर्डर निर कुलो मर्मत | ६ | १६९ | ६६८ | ११२८९२ |
| ७ | सरस्वती आ वि पेन्ट लगाउने काम | ८ | १४४ | ६६८ | ९६१९२ |
| | टिकर हेल्थ पोस्ट देखि खोखरहनी जोड्ने नया कृषि बाटो मर्मत | ८ | ३२ | ६६८ | २१३७६ |
| | पिपरहिया गाउँमा विभिन्न नाला तथा कुलो मर्मत | १७ | ३७२ | ६६८ | २४८४९६ |
| | टिकर भन्सार तर्फ नाला र कुलो मर्मत | १६ | १०७ | ६६८ | ७१४७६ |
| | कार्यस्थलमा आधारित सीप विकास तालिम | ४० | १९२१ | ६६८ | १२८३२२८ |
| **जम्मा** | | | **४६५८** | | **३११९५४४** |

सूचीकृत २३३ बेरोजगारमा महिला २७९ र पुरुष ५४ रहेका छन सो मध्ये ५५ जनाले मात्र रोजगारी पाएकामा अधिकतम र न्यूनतम ५० दिनसम्म रहेको छ भने औसतमा ८४.६९ दिन कुल रोजगारी सृजना भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रममा श्रमिकहरुको ज्यालामा रु.३१ लाख ११ हजार ५४४ रूपैया खर्च भएको छ। निर्देशिका बमोजिम योजना बैङ्क अनुसार प्राथमिकतामा रहेका बेरोजगार व्यक्तिलाई रोजगारी प्रदान गरिनुपर्दछ।

### ३५ विद्यालयलाई शैक्षिक अनुदान

सङ्घीय सरकारबाट साझेदारीमा बाल विकास सहजकर्ता, विद्यालय सहयोगी, सामुदायिक सिकाई केन्द्रका परिचालक र विद्यालयका सहायक कर्मचारीहरूको थप तलब भत्ता र गाउँपालिका अनुदान शिक्षक सहजकर्ता सहयोगी तलब भत्ता शैक्षिक सामाग्री अनुदान परीक्षा

संचालन छपाई तथा विविध शीर्षकमा रु. २ करोड विनियोजन गरी १,८५,७५,१४६ खर्च गरेको छ। पालिकामा १७ वटा विद्यालय मदरसा समेत रहेकोमा कुल विद्यार्थी संख्या ८७६४ रहेका छन्। सङ्घीय सरकारबाट विद्यालयमा अनुदान उपलब्ध गराईसकेपछि पुन पालिकाले १,८५,७५,१४६ खर्च लेखेको छ।

३६ **भरपाई पेश नभएको**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **९९,९८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३७ **शिक्षातर्फ:**

३७.१ **विद्यालय र विद्यार्थी संख्या :**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८१ को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

| **क्र.सं.** | **विद्यालयको किसिम** | **विद्यालय संख्या** | **विधार्थी संख्या** |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय/मदरसा | १५+१२ | ८७६४ |
| २ | संस्थागत विद्यालय | ९ | २८४८ |
| | **जम्मा** | ३६ | ११६१२ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ११६१२ रहेकोमा ७५.४७ प्रतिशत सामुदायिक र २४.५३ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेका छन्।

३७.२ **सामुदायिक विद्यालयको दरबन्दी र पदपूर्ति :**

आर्थिक वर्ष २०८१।८२ मा पालिका भित्रका मदरसा समेत १७ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहाए बमोजिम रहेको छ।

| **विद्यालयको किसिम** | **दरबन्दी संख्या** | **स्थायी पदपूर्ती** | **पदपूर्ती मध्ये राहत/करार** | **रिक्त दरबन्दी** |
|---|---|---|---|---|
| सामुदायिक | १३३ | ७० | ५९ | ३ |

उक्त विवरण अनुसार पालिकामा जम्मा १३३ दरबन्दी रहेकोमा ७० जना स्थायी पदपूर्ती र ५९ जना राहत/करारमा नियुक्त गरी पठन पाठन हुँदै आएको छ भने ३ दरबन्दी रिक्त रहेको विवरण पालिकाबाट प्राप्त भएको छ।

३७.३ **शिक्षक विद्यार्थी अनुपात :**

विद्यालय क्षेत्र सुधार योजना अनुसार शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ:

| सि.नं. | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | रामनरेश यादव आदर्श मा.वि.,रोहिणी-३ | ३२ | १९३० | १:६० |
| २ | पिपरहवा मा.वि. | १५ | ५९१ | १:३९ |
| ३ | पजरकट्टी मा.वि.,रोहिणी-७ | १० | ६४४ | १:६४ |
| ४ | छिपागढ मा.वि.,रोहिणी-४ | १३ | ६१५ | १:४७ |
| ५ | बगहा मा..वि., रोहिणी-१ | ८ | ५३३ | १:६७ |
| ६ | पोखरभिण्डी मा.वि.,रोहिणी-२ | १२ | ५९६ | १:५० |
| ७ | बोदवार मा.वि.,रोहिणी-६ | ९ | ४१० | १:४६ |
| ८ | भविष्य उ. आ.वि.,रोहिणी-४ | ५ | ३०८ | १:६२ |
| ९ | पशुपति मा.वि.,रोहिणी-६ | ६ | ३४९ | १:५८ |
| १० | नवजीवन आ.वि.,रोहिणी-४ | ५ | १६५ | १:३३ |
| ११ | जनचेतना आ.वि.,रोहिणी-३ | ५ | २२० | १:४४ |
| १२ | जनजागृती आ.वि.रोहिणी-४ | ३ | १४६ | १:४९ |
| १३ | सरस्वती आ.वि.,रोहिणी-७ | ५ | २६३ | १:५३ |
| १४ | राम आ.वि.,रोहिणी-२ | ३ | १६२ | १:५४ |
| १५ | त्रिवेणी आ.वि.,रोहिणी-२ | १ | १३६ | १:१३६ |
| १६ | धकधइ मदरसा | १ | ७९ | १:७९ |
| १७ | अन्य ११ मदरासा | ० | १६१७ | ० |
| **जम्मा** | | **१३३** | **८७६४** | **१:५४** |

पालिकाका १५ सामुदायिक विद्यालय र १ धार्मिक विद्यालयहरूमा १३३ जना शिक्षक रहेको छ भने अन्य ११ मा शिक्षक दरबन्दी स्वीकृत नरहेको विवरण प्राप्त भएको छ। पालिकामा मदरसालाई छाडेर कुल विद्यार्थी संख्या ७१४७ जना रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:५४ रहेको छ। श्री वगहा मा.वि. को शिक्षक विद्यार्थी अनुपात १:६७ रहेको छ भने श्री त्रिवेणी आ.वि. को शिक्षक विद्यार्थी अनुपात १:१३ रहेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्दछ।

३७.४ **प्रति विद्यार्थी लागत :**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१/८२ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १९८११६००० | १६४५५९५६१ | ८७६४ | १८७७६.७६ |

उपरोक्त विवरण अनुसार पालिकाको वाल विकास देखि कक्षा १२ सम्मको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.१८७७६.७६ रहेको छ।

३७.५ **दिवा खाजा:**

(१)शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८१।८२ को २.३.७. क्रियाकलाप नं. २.७.११.१ मा दिवा खाजा व्यवस्थापनको लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तह भित्रका विद्यालयहरूमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा विधिको छनौंट गर्नुपर्ने, खाजा व्यवस्थापन गर्दा तोकिएको मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारी वा आमा समूह बनाएर वा नियमित चमेनागृहबाट वा क्याटरिङको व्यवस्था गरेर खाजा खुवाउने व्यवस्था मिलाउनु पर्ने साथै उक्त पुस्तिकाको अनुसूची-४ मा विद्यालयमा नै तोकिएको कक्षा सम्मका बालबालिकाहरूलाई दिवा खाजाको प्रबन्ध मिलाउनुपर्ने व्यवस्था छ। पालिकाले प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु.१५ का दरले दिवा खाजा वापत औषत ११२.४८ दिनको विद्यार्थीलाई ५७९७२२ हाजिरी दिनको लागि तपशिल बमोजिम गो.भौ. र मितिबाट रु.८६९५८३० अनुदान उपलब्ध गराएको छ। पालिकाले १७ विद्यालयहरुमा दिवा खाजा उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन्:

| सि.नं. | गो.भौ./मिति | दिवा खाजा रकम |
|---|---|---|
| १ | ९/२०८१/०७/०२ | २१७३८४५ |
| २ | ३४/२०८१/०८/१६ | १३६३३३५ |
| ३ | ६३/२०८१/११/२६ | १९४११३५ |
| ४ | ९३/२०८२/०१/२८ | १६४६८२० |
| ५ | १६०/२०८२/०३/२० | ४९७९९८५ |
| **जम्मा** | | **९४०५१२०** |

(क) स्थानीय तहले दोस्रो त्रैमासिक देखि विद्यालयमा बजेट निकासा गर्दा भौतिक रुपमा पुरा समय चलेको दिन खाजा उपलब्ध गराइएका विद्यालयको प्रध्यानध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा संकलन गरी सङ्ख्या एकीन भएपछि मात्र थप अनुदान दिने व्यवस्था मिलाउनु पर्ने , यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समय भन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिनु पर्नेमा केहि विद्यालयको नमुना परीक्षण गर्दा आंशिक रुपमा मात्र प्रधानाध्यापकले प्रमाणित गरेको पाइयो भने अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गरी निकासा दिइएको रकमको नियमित अनुगमन गरिनु पर्दछ।

(ख) विद्यालयबाट संचालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गरी दिवा खाजाको मापदण्ड अनुसार गणस्तर व्यवस्थापनका नमूना अनुसूची-४ बमोजिम कार्यान्वियन गर्नुपर्नेमा स्थानीय निकायले अनुगमन गरेको पाइएन।

३७.६ (२)१६०।२०८२।३।२० कार्याक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा सामुदायिक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ। जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा

गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले IEMIS मा समावेश भएका विद्यार्थी संख्यासंग वास्तविक विद्यार्थी संख्यालाई सत्यापन नगरी छुट दिवा खाजा भनि माघ,फागुन र चैत्रको EMIS भएका विद्यार्थी संख्या भन्दा बढीको दिवा खाजा निकासा दिएको रु. २४८३५ रकम असूल गर्नुपर्ने रु.

| विद्यालयको नाम | कक्षा | EMIS विद्यार्थी | दिवा खाजा निकासा | उपस्थत दिन | बढी निकासा |
|---|---|---|---|---|---|
| राम नरेश यादव आदर्श मा.वि. | बा.वि.के | १४९ | २०८ | ५८३७ | २४८३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,८३५ |

३८ **नमूना विद्यालयको शैक्षिक तथा व्यवसायिक योजना :**

१४७।२०८२।३।१७ शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरवाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१। ८२ नमूना विद्यालयको शैक्षिक तथा व्यवसायिक योजना कार्यान्वियनका लागि कार्य सम्पादनमा आधारित अनुदान (कक्षा ११-१२ ) (ख) मा शैक्षिक सत्र २०८१ सम्म विज्ञान विषय सञ्चालित नमूना विद्यालयका १००० सम्म विद्यार्थि भए प्रति विद्यालय १० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय १५ लाख र २५०० भन्दा वढी विद्यार्थी भए प्रति विद्यालय २० लाख अनुदान दिन सकिने व्यवस्था रहेको छ । पालिकाले सो कार्यक्रम अन्तर्गत श्री राम नरेश यादव आदर्श नमुना माध्यामिक विद्यालय लाई EMIS Data अनुसार २०१९ जना विद्यार्थी भएकोमा निर्देशिका अनुसार उक्त विद्यालयलाई रु १५०००००।उपलव्ध गराउनु पर्नेमा रु १७८०४८८। अनुदान दिएकोले निर्देशिकाले तोके भन्दा वढी अनुदान निकासा दिएको रु २८०४८८। असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८०,४८८ |

३९ **संघीय सशर्तको रकम फिर्ता गर्नुपर्ने** (१५५।२०८२।३।१९-):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को निमय ४५ मा संघिय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको सशर्त अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले संघिय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ।राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च)शसर्तको रकमबाट प्रोत्साहन र यातायात खर्च दिनुपर्नेमा अन्य कार्यक्रम महिला स्वास्थ्य स्वयंसेविका अभिमुखीकरण र समीक्षा कार्यक्रममा रु. ४२४०००। खर्च भएको छ। निर्देशिकामा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस र कार्यक्रमको वार्षिक समीक्षाको लागि स्थानीय तहबाट बजेट व्यवस्थापन गरी सञ्चालन गर्न सक्नेछ भन्ने व्यवस्था रहेको छ तर पालिकाले सम्बन्धित शीर्षकबाट बचत रहेको रकमबाट सो शीर्षक बाहेकको पालिकाको आफ्नै कार्यक्रम क्षमता विकास तथा वार्षिक समीक्षा कार्यक्रम गरी खर्च गरेकोले उक्त रकम संघीय संचितकोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२४,००० |

४० **अन्य निकायको नाममा खर्च :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाको पालना बेगर कार्यालयले छुटै बजेट र अस्तित्व भएको देहायका कार्यालयलाई निम्नानुसार भुक्तानी गरेको छ। यसरी अन्य निकायको भुक्तानी गर्नु नियमित नदेखिएको रु.

| क्र.सं. | गो.भौ.नं. | मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ७६२ | २०८२।३।१७ | मालपोत कार्यालयको स्रेस्ता व्यवस्थापन खर्च | ३३०००० |
| २ | २०४ | २०८१।९।४ | इलाका प्रहरी कार्यालय धकधई व्यवस्थपान खर्च | १००००० |
| ३ | ७९५ | ०३/१८/२०८२ | ईलाका प्रहरी कार्यालय धकधई ईलाका प्रहरी कार्यालय बेलहिया र वडा कार्यालय प्रहरी चौकी भैरहवा व्यवस्थापन | ६९००० |
| ४ | ८५० | ०३/२१/२०८२ | | ६५००० |
| ५ | ९३१ | ०३/२५/२०८२ | | १०८६० |
| ६ | ९३२ | ०३/२५/२०८२ | | ३४५७८ |
| ७ | ४१३ | २०८१।११।१७ | शस्त्र प्रहरीलाई व्यवस्थापन खर्च फरेना | १००००० |
| ८ | ११७ | २०८१।८।२ | शस्त्र प्रहरी पजरकट्टीलाई व्यवस्थापन खर्च | ५०००० |
| ९ | ९३५ | २०८२।३।२५ | जिल्ला प्रशासन कार्यालयको इन्धन खर्च भुक्तानि | ९५६७२ |
| १० | ८३८ | २०८२।३।२० | मनोहरापुर शसस्त्र प्रहरी भक्दही व्यवस्थापन | ४९४१६ |
| ११ | ७८७ | २०८२।३।१७ | मैनहवा प्रहरी चौकि इन्धन तथा मर्मत | ५०००० |
| १२ | ७७३ | २०८२।३।१७ | इलाका प्रहरी कार्यालय धकधईलाई गाडी मर्मत वडा नं. ७ को सिफारिस अनुसार | २५००० |
| १३ | ७७२ | २०८२।३।१७ | इलाका प्रहरी कार्यालय धकधईलाई गाडी मर्मत वडा नं. ५ को सिफारिस अनुसार | ५०००० |
| १४ | १३ | २०८१।९।४ | इलाका प्रहरी कार्यालय धकधइ(उपभोक्ता समिति मार्फत ) | ४७७८८८ |
| १५ | ८२ | २०८२।१।२४ | जिल्ला प्रहरी कार्यालय | १४९१८८ |
| **जम्मा** | | | | **१६५६६०२।** |

| | |
|---|---|
| अनियमित भएको | १६,५६,६०२ |

४१ **जनप्रतिनिधिबाट कार्य :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ वमोजिम पालिकाका निर्वाचित पदाधिकारीको कार्य योजना, बजेट तर्जुमा गर्ने, स्वीकृत गर्ने, समन्वय सहजिकरण लगाएतको कार्य गर्नेगरी तोकिएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा सरकारी कामको लागि पेस्की दिन सकिने तर जनप्रतिनिधिहरूलाई कार्यक्रम संचालन गर्न पेस्की दिन पाइने गरी नियममा व्यवस्था गरेको देखिँदैन। पालिका अन्तर्गत वडा कार्यालय सञ्चालन तथा अन्य विविध खर्च वापत विभिन्न पदाधिकारीहरुले कार्य गर्न भनि पेश्की भुक्तानी लिएको एवं कार्य सम्पन्न गरेको भनी रकम भुक्तानी लिएको देखियो। यसरी कानुनमा उल्लेख नभएको अवस्थामा जनप्रतिनिधिले कार्यक्रम संचालनका लागि पेस्की लिई फछ्यौंट गर्नु कानुन सम्मत नदेखिएको रु.

| गो.भौ.नं./मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| २२/२०८१।७।७ | घार्मिक साँस्कृतिक संरक्षण कार्यको लागि पेश्की | अविदअलि पठान | १००००० |
| २४/२०८१।७।७ र ५३१/२०८२।१।९ | घार्मिक साँस्कृतिक संरक्षण कार्यको लागि पेश्की लिई फर्स्यौट गरेको | बीरबहादुर क्षेत्री | १७८४९० |
| २८/२०८१।७।७ | दुर्गापूजाको सहयोग रकम भुक्तानी | तारानाथयादव | ७७००० |
| ३१/२०८१।७।७ | घार्मिक साँस्कृतिक संरक्षण कार्यको लागि पेश्की | करम हुसेनखान | २००००० |
| १४२/२०८१।८।१६ | अवलोकन भ्रमण पेश्की | तारानाथयादव | २००००० |
| ५३२/२०८१।१।९ | चैत रामनवमी कदमहवा आश्रम पेश्की फर्स्यौट | वेचनी पासी | १००००० |
| **जम्मा** | | | **८५५४९०** |

| अनियमित भएको | ८,५५,४९० |
|---|---|

४२ **विज्ञापन करकट्टा :**

लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ५ मा प्रदेशमा विज्ञापन कर सम्बन्धित स्थानीय तहले कानुन बमोजिम निर्धारण गरी असुलउपर गर्नुपर्ने तर स्थानीय तहले त्यस्तो विज्ञापन कर नतोकेको हकमा पाँच प्रतिशतका दरले यस ऐन बमोजिम करकट्टा गरी सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यस कार्यालयले यस वर्ष देहाय बमोजिमका सूचना प्रकाशन गर्दा देहायका सञ्चार माध्यमको बिल बमोजिम विज्ञापन करकट्टी नगरी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.

| गो.भौ. रमिति | भुक्तानी पाउने | भुक्तानी रकमभ्याट बाहेक | कट्टा गर्नुपर्नेरकम | कर दाखिला भएकोरकम | बाँकि रकम |
|---|---|---|---|---|---|
| १९४/२०८१।९।१ | बुटवल पब्लिकेशनप्रा.लि. | ८४००० | ४२०० | १२६० | २९४० |
| | मेचीकाली सन्देश प्रकाशन प्रा.लि. | ६४६८० | ३२३४ | ९७० | २२६४ |
| **जम्मा** | | | **७४३४** | **२२३०** | **५२०४** |

| असुल गर्नुपर्ने | ५,२०४ |
|---|---|

४३ **सामाजिक सुरक्षा भत्ता : सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार रहेका छन्:**

४३.१ **भत्ता वितरण :**

यस वर्षमा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाए बमोजिम रहेको छ:

| क्रस | पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार) | लाभग्राही संख्या | लाभग्राही तिशत | सामाजिक सुरक्षा रकम रु. |
|---|---|---|---|---|
| १ | १९४३३५ | ११७९८ | ६.०९ | ११८३७८३०६ |

पालिकाले यस वर्ष ११७९८ जना लाभग्राहिलाई रु.११,८३,७८,३०६ सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। पालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसङ्ख्या २०७८ को जनगणना अनुसार जनसङ्ख्याको तुलनामा ६.०९ प्रतिशत हो।

४३.२ **लाभग्राहीको अभिलेख :**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख सामाजिक सुरक्षा नियमावली, २०७६ को अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अभिलेख अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वियनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले सबै लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ।

४३.३ **निस्कृय खाता:**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई वा सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष १३ वटै वडाको सबै त्रैमासिकको भत्ता EFT मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन। कार्यविधिका आधारमा लाभग्राहीको विवरण पेश हुनुपर्दछ।

४३.४ **भत्ता वितरणको अनुगमनः**

सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाको प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त कार्य गरेको देखिएन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

४४ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम८५ को उपनियम १(क) पच्चीस लाख रुपैया सम्मको औषधी जन्य मालसमान नेपालमा उत्पादित मालसमानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मुल्यमा सोझौ खरिद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ पालिकाले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी विद्युतीय बोलपत्र विधिवाट रू. ९,९९,२३९ को खरिद गरेको छ। यसबाट आपूर्ति हुने औषधी डव्लु एच ओ सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति , व्याच न, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्बन्धित वीज्ञ वाट मुचुल्का उठाइ राख्ने नगरेको, आपुर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्वन्धमा एकीन हुन सकिएन। औषधी खरीदको आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्वेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

४५ **निःशुल्क सेनेटरी प्याड**

मानव श्रोत तथा विकास केन्द्रद्वारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ। सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुलाई वार्षिक १० महिना अवधिका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने गरी स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने व्यवस्था निर्देशिकाले गरेको छ। पालिकाले आ. व को अन्तमा प्रति प्याकेट भ्याट बाहेक रु.१०१।७६ मा ८६९६ प्याकेट रु ९,९९,९४२।– मा एन्जल टच हाइजिन म्यानुफ्याक्चरिङ सँग सेनेटरी प्याड सोझै खरिद गरेको छ। तोकिएका छात्राहरुलाई १० महिनाको लागि पुग्ने गरी सेनेटरी प्याड व्यवस्थापन गर्नुपर्दछ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरेको देखिन्छ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा समयमा खरिद गर्नुपर्दछ।

४६ **आधारभुत अस्पताल : पालिकाको आधारभुत अस्पताल निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसाररहेका छनः**

पालिकाको आधारभुत अस्पताल निर्माण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसाररहेका छनः

४६.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१,०४९,२९७.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४६.२ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **४२०,८८३.६१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६.३

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

४७ **साईकल वितरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा वील भरपाई साथ लेखा राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले विद्यार्थीहरुका लागि भनि जय नेपाल ट्रेडर्स वालापुरवाट ४८ थान साइकल खरिद गरी रु ४३९१९९।७२ भुक्तानी दिएकोमा कुन कुन विद्यालयका विद्यार्थी तथा के कुन आधारमा साइकल वितरण गरेको हो सोको भरपाई पेश नभएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३९,१९९.७२ |

४८ **प्रध्यानध्यापक बैठक भत्ता :**

९२३/२०८२।३।२५ आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष प्रध्यानध्यापक बैठक भत्ता भुक्तानी गर्दा कुल भुक्तानी भएको उक्त बैठक भत्ता बुझिलिएको भर्पाई पेश नभएकोले देहाय बमोजिम असुल गर्नु पर्ने रू.

| क्र.सं. | नाम | कुल बैठक संख्या | सम्पन्न भएको बैठक संख्या | बढी बैठक संख्या | दर | भुक्तानी रकम कर पछी |
|---|---|---|---|---|---|---|
| १ | राकेश कुमार चौधरी | २० | ११ | ९ | १५०० | ११४७५ |
| २ | राम निवास प्रसाद कुर्मी | निजले भुक्तानी लिएकोमा पेश भएको बील बिजक भन्दा बढी भुक्तानी भएको रकम | | | | ६२४७२ |
| **जम्मा** | | | | | | ७३९४७ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **६,३७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,९४७ |

४९ **प्रशिक्षक भत्ताः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **१,७००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१३** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५० **अनुगमन सम्वन्धमा :**

५०.१ (क) अर्थ मन्त्रालयबाट प्रकाशित कार्यञ्चालन निर्देशिका, २०८१ को सि.नं. ४५ मा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र भ्रमण खर्च नियमावली, २०६४ तथा प्रचलित कानुनमा सरकारी खर्चको निश्चित मापदण्ड नतोकिएको अवस्था भएमा त्यस्तो मापदण्ड तोकिदिन सम्बन्धित निकायबाट लेखी आएमा उक्त विषयमा अर्थ मन्त्रालयले मापदण्ड तोकिसकेको भए सोही आधारमा खर्च गर्न स्वीकृति दिनु पर्दछ। मापदण्ड नतोकिएको नयाँ विषय भए अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखा सबै सेक्टरका पदाधिकारीहरु बसी उक्त कार्यक्रम सम्पन्न गर्न र त्यसबाट भविष्यमा पर्न सक्ने दीर्धकालिन आर्थिक दायित्व र प्रभाव तथा उपलव्ध स्रोत साधन समेतलाई विचार गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा (४) बमोजिम खर्चको मापदण्ड बनाई स्वीकृत गराउनु पर्दछ। यस्तो मापदण्ड सबै सरकारी निकायले पालना गर्नु पर्नेछ। खर्च गर्ने मापदण्ड तथा कार्यविधि सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ तथा नियम ४१ का व्यवस्थाहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ । तल उल्लेखित कार्यक्रममा अनुगमन गरेको भनि भत्ता वितरण गरेकोमा उक्त पालिकाले संङ्घीय कानुन विपरित पालिकाको सभा वाट पास गरेको रातो कितावमा अनुगमन वापत रु १६००। भुक्तानी गर्न सकिने गरी संङघीय कार्यक्रम साथै पालिकाको कार्यक्रम को अनुगमन गरेको भनि खर्च लेखेकोमा अनुगमन भत्ता भुक्तानी हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो भौ नं र मिति | नाम | दिन | दर | जम्मा भत्ता | कर कट्टी रु | भुक्तानी भएको रु | तालिम मिति | तालिमको नाम |
|---|---|---|---|---|---|---|---|---|
| ४४। ०८१। १०।८ | विद्या प्रसाद यादव | ५ | १६०० | ८००० | १२०० | ६८०० | २०८१।८।२ देखि २०८१।९।८ सम्म | वाच्छी पाडा पाडी व्यवस्थापन कार्यक्रम |
| | राकेश कुमार चौधरी | ३ | १६०० | ४८०० | ७२० | ४०८० | | |
| ८४। ०८१। १०।८ | विद्या प्रसाद यादव | ४ | १६०० | ६४०० | ९६० | ५४६० | ०८१।१२।४ देखि ०८१।१२।१० | व्यवसायीक वाख्रापालन व्यवस्थापन |
| | राकेश कुमार चौधरी | २ | १६०० | ३२०० | ४८० | २७२० | | |
| | सिवकान्ति हरिजन | २ | १६०० | ३२०० | ४८० | २७२० | | |
| ७९। ०८१। १२।३१ | राकेश कुमार चौधरी | १ | १६०० | १६०० | २४० | १३६० | ०८१।१२।१८ देखी ०८१।१२।१८ | उन्नत गाई भैसी पालन व्यवस्थापन |
| | शिवकान्ति हरिजन | १ | १६०० | १६०० | २४० | १३६० | | |
| ८३। ०८२।१। ४ | विद्या प्रसाद यादव | ४ | १६०० | ६४०० | ९६० | ५४४० | २०८१।९।२३ देखी २०८१।११।२ सम्म | स्थानी जातका कुरापालन तालिम तथा वजार व्यवस्थापन |
| | राकेश कुमार चौधरी | २ | १६०० | ३२०० | ४८० | २७२० | | |
| | सिवकान्ति हरिजन | १ | १६०० | १६०० | २४० | १३६० | | |
| ८०। ०८१। १२।३१ | विद्या प्रसाद यादव | ३ | १६०० | ४८०० | ७२० | ४०८० | ०८१।१२।११ देखी ०८१।१२।१७ | चेतनामुलक कार्यक्रम |
| | राकेश कुमार चौधरी | २ | १६०० | ३२०० | ४८० | २७२० | | |
| | सिवकान्ति हरिजन | १ | १६०० | १६०० | २४० | १३६० | | |
| ८५। ०८२।१। ४ | गापा अध्यक्ष विद्या प्रसाद यादव | ७ | १६०० | ११२०० | १६८० | ९५२० | ०८१।१२।४ देखि ०८१।१२।१० | व्यवसायिक बाख्रापालन व्यवस्थापन तालिम |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | उपाध्यक्ष सिवकान्ति चमार | ७ | १६०० | ११२०० | १६८० | ९५२० | | |
| | प्र प्र अ राकेश कुमार चौधरी | ७ | १६०० | ११२०० | १६८० | ९५२० | | |
| | आर्थिक संयोजक विर वहादुर क्षेत्री | २ | १२०० | २४०० | ३६० | २०४० | | |
| ६८। ०८१। १२।१७ संघीय ससर्त कृषि तर्फ | विद्या प्रसाद यादव | ७ | १६०० | ११२०० | १६८० | ९५२० | २०८१।८।४ | ७ वटा वडाहरुमा गहुको विउ वितरण अनुगमन गर्न |
| | सिवकान्ति चमार | ७ | १६०० | ११२०० | १६८० | ९५२० | | |
| | राकेश कुमार चौधरी | ७ | १६०० | ११२०० | १६८० | ९५२० | | |
| | वीर वहादुर क्षेत्री | ७ | १२०० | ८४०० | १२६० | ७१४० | | |
| ७८। ०८१। १२।३१ | उपाध्यक्ष शिवकान्ति हरिजन | १ | १६०० | १६०० | २४० | १३६० | २०८१।१२। २० | भुई घाँस तथा डाले घाँसको नर्सरी व्यवस्थापन तालिम |
| जम्मा | | | | | | १०९८४० | | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **१,४६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-९** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८,१६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **९,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०९,८४० |

५०.२ (ख) अर्थमन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०८१ को वुंदा नं ५६ (ख) सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने तथा सोही वुंदाको (५) मा अनुगमन भ्रमण टोलि खटाउनु परेमा कामसंग प्रत्यक्ष सम्बन्धित कर्मचारी खटाउनु पर्ने छ र कर्मचारी खटाउंदा आवश्यकता, औचित्यता र उपयुक्तताको आधारमा बढीमा ३ जनाको टोली खटाउन सकिने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिम सामान्य प्रशासनिक प्रकृतिका कार्यक्रमहरुमा समेत अनुगमन गरेको भनि अनुगमन भत्ता भुक्तानी गरेको देखियो। संघीय तथा प्रदेश सरकारहरुले अनुगमन गर्दा भत्ता प्राप्त गर्न खर्चको मापदण्ड निर्धारण गरेको देखिएन तर पालिकाले आफै खर्च मापदण्ड तयार गरेको भनि संङ्घीय कार्यक्रमहरुको पनि अनुगमन भत्ता भुक्तानी गरेको पाइयो। यसरी निम्नानुसारको संघीय कार्यक्रममा अनुगमन गरेको भनि भुक्तानी भएकोमा अनुगमन भुत्तानी हुन पाउने प्रमाण पेश गर्नपर्ने अन्यथा असूल गर्नपर्ने रु.

| भौ नं र मिति | कार्यक्रम | नाम | दिन | दर | कर कट्टा पछिको रकम |
|---|---|---|---|---|---|
| ५४६।०८२।१।१४ | संङ्घीय सरकारको चौमासिक परीक्षा अनुगमन समिति | विद्या प्रसाद यादव | ७ | १६०० | ११२०० |
| | | राकेश कुमार चौधरी | ६ | १६०० | ९६०० |
| | | मधु प्रसाद घिमिरे | ७ | १६०० | ११२०० |
| | | नारायण ढुंगाना | ७ | १२०० | ८४०० |
| जम्मा | | | | | ४०४०० |
| ८६६।०८२।३।२१ | प्रधानमन्त्री रोजगार कार्यक्रम योजनाको अनुगमन | विद्या प्रसाद यादव | ६ | १६०० | ९६०० |
| | | शिवकान्ति चमार | ६ | १६०० | ९६०० |
| | | राकेश कुमार चौधरी | ६ | १६०० | ९६०० |
| | | अभिशेक धवल | ६ | १२०० | ७२०० |
| | | रफिक अहमद | ६ | १२०० | ७२०० |
| | | आदिव अलि पठान | १ | १६०० | १६०० |
| | | वीर वहादुर क्षेत्री | ३ | १६०० | ४८०० |
| | | घनश्याम सिंह क्षेत्री | ४ | १६०० | ६४०० |
| | | इन्द्रमान चौधरी | १ | १६०० | १६०० |
| | | अनान अहमद भाट | १ | १६०० | १६०० |
| जम्मा | | | | | ५९२०० |
| ६१६ २०८२।२।७ | प्रधानमन्त्री रोजगार कार्यक्रम योजनाको अनुगमन | विद्या प्रसाद यादव | ७ | १६०० | ११२०० |
| | | शिवकान्ति चमार | ७ | १६०० | ११२०० |
| | | राकेश कुमार चौधरी | ७ | १६०० | ११२०० |
| | | तारानाथ यादव | २ | १६०० | ३२०० |
| | | घनश्याम सिंह क्षेत्री | १ | १६०० | १६०० |
| | | इन्द्रमान चौधरी | १ | १६०० | १६०० |
| | | अन्नान अहमद भाट | १ | १६०० | १६०० |
| | | अभिशेक धवल | ७ | १२०० | ८४०० |
| | | मो रफिक अहमद | ७ | १२०० | ८४०० |
| | | शिव कुमार यादव | ३ | १२०० | ३६०० |
| जम्मा | | | | | ६२००० |
| कुल जम्मा | | | | | १६१६०० |

